

# उत्तरा कोइराला गौतम
# आत्मविश्वासका धनी



● केशव पोखेल

## पृष्ठभूमि

एउटा मान्छे जो आफ्नो जन्मसँगै दुईवटा दायित्व बोकेर आएको हुन्छ, एक व्यक्तिगत र पारिवारिक दायित्व र अर्को सामाजिक दायित्व । आमरूपमा धेरै मानिसहरू पहिलो दायित्वको बारेमा मात्र चिन्तित हुन्छन् । आफ्नो र आफ्नो परिवारका बारेमा मात्रै सोच्छन् । उनीहरूको सामाजिक चिनारी हुँदैन । थोरै मानिसहरूले मात्र आफ्नो दोस्रो दायित्व एवं सामाजिक कर्तव्यबोधका साथ सत्कार्य गर्दै समाज र आउने पुस्तालाई मार्गनिर्देश गर्दछन् । नेपाली समाजको परिवर्तन, सचेतना, सामाजिक निष्पक्षता र मानिस मानिसबीचको भेदभाव विरुद्ध लागिरहने एकजना व्यक्तित्वको नाम हो, उत्तरा कुमारी कोइराला (गौतम) । उहाँको जन्म वि.सं. २०१२ साल जेठ १६ गते सिन्धुलीको साबिकको बासेश्वर गाविसमा भएको हो । पिता गणेशबहादुर कोइराला तथा माता नीर कुमारीको कोखबाट जन्मनु भएकी उहाँ हाल श्रीमान् रामबहादुर गौतमसहित छोराबुहारी, नातिनातिनासँग काठमाडौं सिनामंगलमा बस्दै आउनु भएको छ । १२/१३ वर्षको उमेरमा पाँच कक्षामा पढ्दादेखि नै विभिन्न प्रगतिशिल राजनीतिक गतिविधिहरूमा चासो राख्दै परिवर्तनका लागि जुझारु भएर लागिरहने प्रेरणादायी महिला हुनुहुन्छ, उहाँ ।

उत्तराको परिवार सामजिक र राजनीतिक काममा संलग्न परिवार थियो । शुभलाभ अंग्रेजी स्कुलमा पढ्दै देखि पर्चा पोस्टर टाँस्ने, बाँड्ने, चिठ्ठी पत्र आदान प्रदान गराइदिने कार्यहरू गर्दागर्दै र आफूभन्दा जेठो दाजु तथा दिदीहरूलाई सघाउँदा सघाउँदै सामाजिक र राजनीतिक क्रियाकलाप बुझ्न थाल्नु भएको थियो । उहाँका दाजु र दिदीहरू राजनतिक गतिविधिमा हुनुहुन्थ्यो । तत्कालीन अवस्थामा गाउँ र तराईमा व्याप्त सामाजिक भेदभाव, महिलामाथि हुने हिंसा र जातीय छुवाछुतका घटनाहरू देखेर पनि उहाँको मनभित्र विद्रोह जन्मिरहेको थियो । उहाँ विद्रोही स्वभावको हुनुहुन्थ्यो भन्दा फरक पर्दैन । उत्तरा सानैदेखि आँटिलो स्वभावको हुनुहुन्थ्यो । उहाँ अन्यायका विरुद्ध डटेर लड्ने र परिवार भित्रैको विभेद पनि नसहने स्वभावको हुनुहुन्थ्यो ।

उहाँका बुबा नेपाली सेनाको जागिर छाडेपछि गाउँमा **'जिम्वाल'** भएर बस्नुभयो । उत्तरा भने राजनीतिमा चासो राख्दै विभिन्न गतिविधिहरू गर्न थालिसक्नु भएको

थियो । उहाँका दाजु दिलबहादुर र विद्यालयका शिक्षक एवं उहाँले आफ्नो पहिलो राजनीतिक गुरु मान्ने काजी बहादुर क्षेत्रीले लुकाई लुकाई राजनीतिक किताबहरू दिने गर्नुहुन्थ्यो । स्वअध्ययनको लागि दिनु भएको चिनियाँ कथाहरू, साहसिक कथाहरू, माओले लेख्नु भएको रातो किताब आदि पढेर पनि उहाँमा राजनीतिक चेतनाको जागरण भएको थियो ।

वि.स. २०२१ सालमा सिन्धुलीबाट र रौटहटको चन्द्रनिगाहपुरमा पढाई शुरु गरि वि.सं. २०२८ सालमा रत्नराज्य लक्ष्मी क्याम्पस भृकुटीमण्डपमा पढन आउँदा अष्टलक्ष्मी शाक्य र सुलोचना मानन्धरलाई सोही कक्षामा भेट्नुभयो । यस साथले परिवर्तनको आन्दोलनमा लाग्ने आधार तयार गर्न थप सहयोग गरेको थियो । वि.सं.२०३० सालमा हेटौंडाका रामबहादुर गौतमसँग उहाँको विवाह भयो । दुवै जनाले एक अर्कालाई मन पराएपछि पारिवारिक सल्लाहमा विवाह भयो । विवाहपछि पतिसँगको पोखरा बसाईका बेला पृथ्वी नारायण क्याम्पस पोखराबाटै शिक्षा शास्त्र संकायमा स्नातक तहको अध्ययन गर्नुभयो ।

## पार्टीमा आवद्धता

तत्कालीन नेकपा मालेको संगठित सदस्यता वि.सं.२०३७ सालमै लिनुभएका कोइरालाले आफ्नो जीवनको लामो समय कम्युनिष्ट राजनीतिमा बिताउनु भयो । कतिपय अवस्थामा त आफ्नो नीजि समेतलाई बेवास्ता गर्नुभयो । उहाँले लामो समय महिला आन्दोलनमा बिताउनु भयो । समाजमा महिलाहरूले भोग्नु परेका दु:ख कष्ट देखेर र सहेर उहाँलाई पीडा हुन्थ्यो । छोरीहरूले पढन पाउनु पर्छ, बाबुको अंश र बंशमा छोरा र छोरीको समान अधिकार हुनुपर्छ, धर्म संस्कृतिका नाममा हुने सबै प्रकारका विभेदहरूको अन्त्य हुनुपर्छ र जनताले आफूमाथि आफै शासन गर्न पाउनु पर्छ भनेर उहाँले आफूलाई राजनीति र महिला आनदोलनमा सामेल गर्नुभयो । त्यति बेला महिलालाई कम्युनिष्ट राजनीति गर्न कति कठिन थियो होला सहजै अनुमान लगाउन सकिन्छ । उहाँ अखिल नेपाल महिला संघको स्थायी समिति सदस्य, क्षेत्र जिल्लाका विभिन्न समितिहरू र नेकपा एमालेको काठमाडौ जिल्ला सल्लाहकार परिषद सदस्य भएर जिम्मेवारी निर्वाह गर्नुभयो । तत्कालिन नेकपा एमालेको छैठौं र सातौं राष्ट्रिय महाधिवेशन प्रतिनिधीलगायतका थुप्रै जिम्मेवारी इमान्दारिताका साथ पुरा

गर्नुभयो । महिला मुक्ति पत्रिका २०३७ को सम्पादक, नेपाल बुद्धिजीवीपरिषद सदस्य, नेपाल राष्ट्रिय शिक्षक संगठन, केन्द्रिय महिला विभाग सदस्य, समाज कल्याण परिषद भृकुटीमण्डपको सम्भार, सम्वर्द्धन तथा व्यवस्थापन समिति सदस्य, महिला जागरण केन्द्रको अध्यक्ष, शक्ति विनायक महिला सहकारीको अध्यक्षलगायत विभिन्न सामाजिक संघसंस्थाहरूमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरिसक्नु भएकी कोइरालाले मिनि बेइजिङ सम्मेलनमा नेपालको तर्फबाट भाग लिनुभएको थियो ।

राजनीतिक दलहरू प्रतिबन्धित र नेताहरू भूमिगत भएको अवस्थामा तत्कालीन मालेका नेताहरूलाई सेल्टर दिने, बैठक बस्ने ठाउँ व्यवस्थापन गरिदिनेलगायत कार्यहरू गरेर राजनीतिक आन्दोलन सफल बनाउन योगदान दिनुभएको छ । नेताहरूलाई शेल्टर दिदा उहाँले धेरै आरोपहरू पनि खेप्नु परेको थियो । जागिर, आफ्नो र परिवारको सुरक्षाको कुनै परवाह नगरी निरन्तर पार्टी काममा लाग्नु भयो ।

आन्दोलन र निर्वाचनका बेला पनि आफुलाई अग्रपंक्तिमा राख्ने र सधैं हँसिलो चेहरामा देखिनु हुने उत्तरा समाज परिवर्तन, राजनीतिक परिवर्तनमा सधै दृढ देखिनु हुन्थ्यो । वि.सं.२०४६ पछि काठमाण्डौंको तत्कालीन ४ नं क्षेत्र एवं पश्चिम इलाकामा राजनीतिक र सांगठनिक कामबाट उहाँ स्थापित भएर सबै माफ चिनिनु भएको थियो । उहाँको बोल्ने कला, मानिसहरूसँग गर्ने व्यवहार, सहयोगी भावना, जस्तो दु:खमा पनि निराश नहुने स्वभाव धेरैका लागि प्रेरणाको स्रोत भएको छ ।

अखिल नेपाल महिला संघको मुखपत्र 'महिला' मुक्तिको प्रथम सम्पादक भएका कारण अनेमसंघको तर्फबाट सम्मानित हुनुभएकी उहाँ महिला मुक्ति आन्दोलनमा सक्रिय भुमिका निर्वाह गरेको भन्दै मोतीदेवी स्मृति केन्द्रबाट पनि सम्मानित भइसक्नु भएको छ । उहाँ केही वर्ष अघिदेखि निमोनिया, दमलगायतका रोगबाट ग्रसित भई निरन्तर अक्सिजनको पाइप लगाइरहनु पर्ने अवस्थामा हुनुहुन्छ । यस्ता अवस्थामा पनि पार्टी र महिला आन्दोलनप्रति त्यत्तिकै चिन्तित हुनुहुन्छ ।

त्यतिबेला परिवर्तनको आन्दोलनमा लाग्नु सजिलो परिस्थिति पक्कै थिएन, डराउनु पर्थ्यो तर उहाँका श्रीमान सरकारी कर्मचारी भएका कारण प्रशासनले खासै वास्ता गर्दैनथ्यो र केही सजिलो हुन्थ्यो । त्यतिबेलाको भुमिगतकालमा नेताहरू माधवकुमार नेपाल, झलनाथ खनाल, सिपी मैनाली, अमृतकुमार बोहोरा, गोपाल शाक्य, अष्टलक्ष्मी शाक्य, सुशिला श्रेष्ठलगायत नेताहरू उहाँको घरमा नियमित जस्तै आउने जाने गर्नुहुन्थ्यो । एक हिसाबले उहाँको नेताहरूको घर सेल्टर नै हुन्थ्यो । सेल्टरमा बस्नेहरू बिरामी तथा सुत्करी भएको बेला आएर डा. भरत प्रधान र सरोज धितालले गरेको सहयोग उहाँले सम्झिरहनु भएको छ ।

उहाँको व्यक्तिगत जीवनमा धेरै आरोह अवरोहहरू आए/गए । मुलुकको व्यवस्था परिवर्तन भयो तर नेपाल र नेपालीको अवस्थामा सोचेअनुसार प्रगति हुन नसकेको निष्कर्ष निकाल्दै उहाँ चिन्तित बन्नुहुन्छ । राजनीतिक परिवर्तनपछि बढदै गएको व्यक्तिगत भावना, वैचारिक प्रशिक्षणको कमी, पार्टीमा देखिएको गुटगत कार्यशैलीले पनि उहाँलाई चिन्ता लागिरहन्छ । उहाँ पार्टी नेता कार्यकर्तालाई आफ्नो कार्यशैलीमा सुधार ल्याउन सुझाव पनि दिनुहुन्छ ।

महिला आन्दोलन होस् वा विभेद विरुद्धका अथवा राजनीतिक व्यवस्था परिवर्तनका लागि आन्दोलनको अग्रमोर्चामा रहँदा पटक पटक प्रहरी घेराबन्दीमा पर्दै त्यही घेराबन्दी तोडदै निस्किन सफल हुनुहुन्थ्यो । उहाँ आफू नेपाल कम्युनिष्ट पार्टी मालेदेखि एमाले हुँदै नेकपाको सदस्यको रूपमा हालसम्म कार्यरत रहन पाउनुमा गौरव महसुस गर्नुहुन्छ । निरंकुश पञ्चायत व्यवस्था परिवर्तनदेखि सामाजिक आन्दोलनमा लागेर हालसम्म देखिएको राजनीतिक, नैतिक एवं सामाजिक उपलब्धिबाट आफू पनि सहभागी भएर थोरै भएपनि सामाजिक दायित्व पुरा गर्न पाएकोमा खुशी व्यक्त गर्नुहुन्छ । उहाँको परिवार पूर्णरूपमा राजनीतिक बातावरणको भएकाले आफूलाई घरबाहिर निस्किएर काम गर्न सजिलो भएको ठहर छ । आफ्नो जीवनभरि परिवर्तनकालागि लागि रहने प्रण र उच्च अहिले रोगसँग लडिरहनु भएको छ । उहाँको आत्मबलका देख्दा मान्छेहरू चकित पर्छन । अक्सिजन साथ मै लिएर भए पनि हिडिरहनु

भएको छ। राजनीतिले मान्छेलाई अति आत्मविशवासी बनाउँदो रहेछ भन्ने उहाँ प्रत्यक्ष उदाहरण बन्नु भएको छ।

बाँकी परिवर्तन अनि महिला आन्दोलन अझ अगाडि पुगेको देख्न चाहनु हुन्छ उहाँ। उहाँले समाज परिवर्तनमा खेल्नु भएको भूमिकाको उच्च प्रशंशा गर्दै उहाँ जस्ता अग्रजहरूले देखाउनु भएको सपना साकार पार्न सबैजना निरन्तर लाग्नु पनि त्यत्तिकै जरुरी छ। ■